# शान्तिनगर गाउँपालिका

## जुम्लेकुला, दाङ

लुम्बिनी प्रदेश, नेपाल

प.सं.- ०८१/०८२

च.नं.-

**संविधान दिवस २०८१ को अवसरमा शुभकामना सन्देश**

आज हामी नेपालको संविधान जारी भएको विशेष दिनको अवसरमा छौं । जनताका प्रतिनिधिहरुले संविधान मार्फत संविधान निर्माण गरी जारी भएको ९ बर्ष पुरा भएको सुखद अवसरमा शान्तिनगर गाउँपालिका बासी एवम् स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली आमाबुबा, दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं । यस अवसरमा राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक पटक गरेका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै मुलुकमा लोकतान्त्रिक प्रणालीको जग बसाल्न पथ प्रदर्शन गर्नु हुने सम्पूर्ण अग्रजहरु प्रति सम्मान व्यक्त गर्दछौं ।

**शान्तिनगर गाउँपालिकाको दायित्व, सुशासन र समृद्दिको स्थायित्व** भन्ने नारालाई आत्मसाथ गर्दै गाउँपालिकाबासीहरुको सुशासन, विकास र समृद्धीको प्रतिको आकांक्षा पूरा गर्न लागिपरेका छौं । स्थानीय तह नागरिकको प्रत्यक्ष पहुँचमा रहेको सरकार हो । नागरिकको सहभागिता, समन्वय र सहकार्यबाट मात्र वास्तविक लोकतन्त्रको अभिष्ट पूरा गर्न सकिन्छ । गाउँपालिकाबाट सञ्चालित शासन, विकास र सेवा प्रवाहका क्रियाकलापहरुमा नागरिक सहभागिताको पूर्णत अपेक्षा गरेका छौं । संविधानको कार्यन्वयन गर्दै शान्तिनगर गाउँपालिकाको समृद्धीका लागि महत्वपूर्ण योगदान दिने निवर्तमान जनप्रतिनिधि, संघ संगठन, पेशाकर्मी नागरिक समाज एवम् सरोकारवाला पक्षलाई हार्दिक धन्यवाद व्यक्त गर्दछौं । नागरिकको चाहना र आवश्यक्ता सम्बोधनका साथै सुशासन विकास र समृद्धीका लागि वर्तमान जनप्रतिनिधि, राजनीतिक दल, नागरिक समाज, पेशाकर्मी संघसंगठन, पत्रकार, सुरक्षा निकाय लगायतलाई इमान्दारिताका साथ मन वचन र कर्मले निरन्तर खटिरहन सार्वजनिक आव्हान गर्दछौं ।

अन्त्यमा स्वस्थ्य र सभ्य संस्कृतिको विकास गरी सामाजिक सुसम्बन्धमा आधारित समाजको निर्माण गर्न हामीलाई **संविधान दिवस २०८१ ले नयाँ उर्जा र उत्साह प्रदान गरोस् भन्ने कामना व्यक्त गर्दछौं ।**

२०८१ साल असोज ३ विहिबार
११४४ गुँलाथ्व १५ सोमबार

(प्रमोद बस्नेत)
अध्यक्ष

"शान्तिनगर गाउँपालिकाको दायित्व, सुशासन र समृद्दिको स्थायित्व"